शिक्षक सेवा आयोग
खुला प्रतियोगितात्मक परीक्षा
नमुना (Sample) प्रश्नपत्र २०७७
सामान्य परीक्षा

तह : आधारभूत

पूर्णाङ्क: १००
उत्तीर्णाङ्क:५०
समय: १ घण्टा.....

**समूह क : सामान्य ज्ञान**

१. नेपालमा प्रचलित विक्रम सम्वत्को पात्रोमा दिनाङ्क परिवर्तन कति बेला हुन्छ ?
   क) राति १२ बजेपछि
   ख) बिहान ४ बजेपछि
   ग) सूर्योदयपछि
   घ) बिहान ६ बजेपछि

२. मानव विकास सूचकाङ्क निकाल्नमा प्रयोग गरिने सूचकहरुमध्ये शिक्षा क्षेत्रअन्तर्गत देहायकामध्ये कुन कुन सूचक समावेश गरिएका हुन्छन् ?
   क) कूल साक्षरता दर र औसत विद्यालय वर्ष
   ख) खुद भर्नादर र अपेक्षित विद्यालय वर्ष
   ग) औसत विद्यालय वर्ष र अपेक्षित विद्यालय वर्ष
   घ) औसत विद्यालय वर्ष र प्राथमिक तहको छात्रा भर्ना दर

३. अक्षांश रेखाको आधारमा नेपालको कुन स्थान सबैभन्दा उत्तर दिशामा पर्दछ ?
   क) भीमदत्त नगर
   ख) नेपालगञ्ज
   ग) पोखरा
   घ) ईलाम

**खण्ड ख : शिक्षासम्बन्धी आधारभूत ज्ञान**

४. शिक्षाको "E + duco" मा आधारित शाब्दिक अर्थ कुन सिकाइ सिद्धान्तको निकट छ ?
   (क) शास्त्रीय सम्बन्धन
   (ख) क्रियापरक सम्बन्धन
   (ग) प्रयत्न र भूल सिकाइ सिद्धान्त
   (घ) अन्तरदृष्टिद्वारा सिकाइ

५. पूर्व वाल्यावस्थामा देखा पर्ने नकारात्मकताको प्रमुख कारण के हो ?
   क) बालबालिकाको बढदो क्रियात्मक विकास
   ख) साना भाई बैनीप्रतिको ईर्ष्या
   ग) सुरक्षात्मक कारणले आमाबाबुको हस्तक्षेप
   घ) बालबालिकाको बढदो जिज्ञासा

६. कुन तत्वको सम्बन्ध सिकाइको दर र मात्रासंग हुन्छ ?
   क) प्रेरणा - दर, अभ्यास - मात्रा
   ख) अभ्यास - दर, स्मरण - मात्रा
   ग) पुनर्बल - दर, स्मरण - मात्रा
   घ) पुनर्बल - दर, अभ्यास - मात्रा

## खण्ड गः सूचना तथा सञ्चार प्रविधि

७. देहायकामध्ये कुनचाँहि भनाइ सही हो ?

क) एक गिगावाइटमा १००४ एमबि हुन्छ ।

ख) एक गिगावाइटमा १०१२ एमबि हुन्छ ।

ग) एक गिगावाइटमा १०२४ एमबि हुन्छ ।

घ)एक गिगावाइटमा १०३६ एमबि हुन्छ ।

८. कम्प्युटरले निम्नमध्ये कुन कार्य **गर्दैन ?**

क) सूचनाको विकास

ख) सूचनाको भण्डारण

ग) सूचनाको प्रशोधन

घ) सूचनाको विश्लेषण

९. MS-Word मा कम्प्युटरले कुनै फाइलमा भएको विषयवस्तु अर्को फाइलमा राख्नुपर्दा Ctrl+A मार्फत सबै सामग्री छनौट गरेर Ctrl+C मार्फत कपी गरेर यसलाई नयाँ फाइलमा राख्दा के गर्नु पर्छ ?

क) Ctrl+I

ख) Ctrl+N

ग) Ctrl+P

**घ) Ctrl+V**

## खण्ड घ : संविधान तथा शिक्षासम्बन्धी ऐन तथा नियमहरू

१०. नेपालको संविधान बमोजिम देहायकामध्ये कुनचाँहि ठिक छ ?

क) मौलिक हक ३२ ओटा र शिक्षासम्बन्धी हक ५ ओटा

ख) मौलिक हक ३१ ओटा र शिक्षासम्बन्धी हक ५ ओटा

ग) मौलिक हक २३ ओटा र शिक्षा सम्बन्धी हक ४ ओटा

घ) मौलिक हक ४६ ओटा र शिक्षासम्बन्धी हक ७ ओटा

११. स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ ज अनुसार सिकाइ उपलब्धिको सम्बन्धमा स्थानीय तहको काम देहायकामध्ये कुनचाँहि हो ?

क) सञ्चालन र व्यवस्थापन गर्ने

ख) सञ्चालन र अनुगमन गर्ने

ग) परीक्षण र व्यवस्थापन गर्ने

घ) समन्वय र नियमन गर्ने

१२. शिक्षा नियमावली २०४९ अनुसार कुनै कक्षामा तोकिएकोभन्दा बढी विद्यार्थी भए अर्को वर्ग खोल्न कसको अनुमति लिनुपर्छ ?

क) विद्यालय व्यवस्थापन समिति

ख) शिक्षा विकास तथा समन्वय इकाइ

ग) स्थानीय निकायको शिक्षा शाखा

घ) शिक्षक अभिभावक संघ

## खण्ड ङ : बौद्धिक परीक्षण

१३. २, ५, १०, १७, २६ श्रेणी क्रमको अर्को दुई पद के के होलान् ?

क) ३४ र ४७

ख) ३५ र ४८

ग) ३६ र ४९

घ) ३७ र ५०

१४) तल दिइएको "चित्र ए" को अन्तिम कोठामा "चित्र बी" को कुन विकल्प उपयुक्त हुन्छ ?

**चित्र ए**



**चित्र बी**




क) १ ख) २ ग) ३ घ) ४

१५) तलको चित्रमा A, B, C, D मा भएका चार बक्समध्ये एउटामात्र फरक छ । त्यो फरक एउटा पत्ता लगाउनुहोस् ।




**क)** **A** ख) B ग) **C** घ) **D**

**द्रश्टव्य: यस्तै प्रकृतिका खण्ड क सामान्य ज्ञानबाट २ अङ्क भारका १५ प्रश्न, खण्ड ख शिक्षासम्बन्धी आधरभूतज्ञानबाट २० प्रश्न खण्ड ग सूचना तथा सञ्चार प्रविधिबाट ५ प्रश्न, खण्ड घ संविधान तथा शिक्षासम्बन्धी ऐन तथा नियमहरूबाट ५ प्रश्न, खण्ड ङ बौद्धिक परीक्षणबाट ५ प्रश्न गरी जम्मा ५० ओट प्रश्नका १००** पूर्णाङ्कको **परीक्षा लिइनेछ ।**